# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १९१ | काठमाडौं | शनिबार, २६ कात्तिक २०७९ | Prabhab National Daily | Saturday, November 12, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## डेंगुले अस्पताल भरिभराउ



बर्दिबास अस्पतालमा उपचार गराउँदै डेंगु संक्रमित बिरामीहरु। *तस्बिरः रासस*

■ **गोपालप्रसाद बराल**

**महोत्तरी-** प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ को रापताप उत्कर्षमा पुग्दै गर्दा महोत्तरीको बर्दिबास क्षेत्र भने डेंगु महामारीको चपेटामा छ । अहिले डेंगु जाँच गराउने र संक्रमण पुष्टिपछिको उपचारको सेवा लिनेहरूले बर्दिबास अस्पताल भरिभराउ छ ।

कात्तिक महिनामा मात्रै हालसम्म (कात्तिक २५ गते मध्याह्नसम्म) १२६ जनामा डेंगु संक्रमणको पुष्टि भएको अस्पतालले जनाएको छ । 'दैनिक डेंगु जाँच गर्न आउनेको चाप छ, संक्रमण पुष्टि भएका पनि बाक्लै भेटिएका छन्,' अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णा महर्जनले अस्पताल परिसरमा सञ्चारकर्मीसँग भने, 'हामीलाई जाँच गर्न र उपचार दिन भ्याइनभ्याइ छ ।'

गत साउनदेखि नै बर्दिबास नगरक्षेत्रमा डेंगुको संक्रमण भेटिएको हो । गत साउनमा जाँच गर्न आएका २७ जनामध्ये दुई जनामा संक्रमण पुष्टि भएको थियो । त्यसैगरी भदौमा जाँच गरिएका १२४ मध्ये २४ जना, असोजमा जाँच गरिएका २३९ मध्ये ९४ जना र जारी कात्तिकको हालसम्म जाँच गरिएका २७५ मध्ये १२६ जनामा संक्रमण पुष्टि भएको डा. महर्जनले जानकारी दिए । साउनदेखि हालसम्म २४६ जनामा संक्रमण पुष्टि भएको अस्पतालले जनाएको छ । यो बर्दिबास अस्पतालको जाँच नतिजाको मात्र संख्या हो । बर्दिबासमा आधा दर्जनभन्दा बढी निजी अस्पतालमा पनि डेंगु जाँच हुँदै आएको छ ।

'अहिले अस्पतालमा जाँचका लागि दिनहुँ मान्छेको चाप बढ्दो छ, संक्रमित पनि थपिँदै छन्,' बर्दिबास अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण शर्मा भन्छन्, 'हामीलाई डेंगु जाँचका लागि किटको पनि अभाव छ, बर्दिबास नगरपालिकाले अहिलेसम्म ६० वटामात्र किट उपलब्ध गराएको छ, हामीले ६६५ जनाको जाँच गरिसकेका छौं ।' विभिन्न संघसंस्थासँग मागजाँच गरेर किट व्यवस्था गरिएको शर्माको भनाइ छ । पछिल्लोपटक डेंगु संक्रमण बढ्दै गएपछि आसन्न निर्वाचनमा खटाइएका स्वास्थ्य क्षेत्रका कर्मचारी जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई अनुरोध गरेर फिर्ता बोलाइएको शर्माले जानकारी दिए ।

अस्पतालमा अहिले जाँचका लागि किट र उपचार प्रबन्धका लागि थप औषधिको आवश्यकता रहेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ । यता बर्दिबास नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा प्रमुख सुरेश पासवान भने डेंगु नियन्त्रणका लागि प्रभावकारी काम गरिएको दाबी गर्छन् । 'हामीले डेंगु सार्ने लामखुट्टेको बासस्थान खोज गरेर लार्भा नष्ट गर्ने अभियान नै चलाएका छौं,' उनी भन्छन्, 'नगर बस्तीमा डेंगुविरुद्धको औषधि छर्कने (**बाँकी पृष्ठ ५ मा**)

# सम्झनामा चुनावी 'कमाण्ड'

ओली दुई तथा देउवा र दाहाल एक/एक चुनावी 'कमाण्ड'मा सफल देखिँदा एकीकृत समाजवादीका अध्यक्ष नेपाल हालसम्म कमाण्ड सम्हालेका सबै चुनावमा 'असफल' देखिन्छन्



आगामी चुनावका लागि पनि आफैं 'कमाण्डर' बनेका यी शीर्ष नेताहरु को कति सफल होलान्, त्यो ४ मंसिरको नतिजाले देखाउनेछ ।

■ **जेबी योञ्जन**

**काठमाडौं-** आगामी सात दिनमा दलीय जनमत परीक्षण गर्ने प्रतिनिधिसभा र प्रदेशसभा चुनाव हुँदै छ । २०१५ सालपछिको यो सातौं संसदीय चुनाव हो । यो चुनावलाई दलहरूले प्रतिष्ठाको विषय बनाएका छन् । प्रमुख दलहरुको त चुनावमा जनताले बहुमत दिने दाबी छ । धेरै दलको भने अघिल्लो चुनावमा भन्दा सिट बढ्ने दाबी छ । नयाँ दलहरु पनि प्रयासबाटै संसद् प्रवेश गर्ने दाउमा छन् ।

यसपटक चुनावी कमाण्डर सम्बन्धित दलकै नेतृत्व छन् । नेतृत्वकै निर्देशनअनुसार देशभर नेता कार्यकर्ता परिचालित छन् । घोषणापत्रमा उल्लिखित एजेण्डासहित मत माग्ने र मगाउने काम भइरहेको छ । यसबीच चुनावबाट ठूलो दल बन्ने र सरकार बनाउने प्रमुख दलका शीर्ष नेताहरूले बारम्बार दोहोऱ्याइरहेका छन् । यसका लागि भने आगामी ४ मंसिरमा हुने चुनावको नतिजा आउनुपर्छ ।

तर, विगतका केही चुनावलाई हेर्दा कतिपय दलका नेतृत्वको चुनावी 'कमाण्डरसिप' त्यति सम्झनालायक छैन । कतिपयको भने सफल नै देखिन्छ । यसबारे थाहा पाउन २०६४ र त्यसपछिका चुनावलाई हेरौं-

हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा आएपछि पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन एकीकृत नेकपा माओवादी २०६४ सालको संविधानसभा चुनावमा सहभागी भयो । उक्त निर्वाचनमा संसदीय राजनीतिका खेलाडी दल नेपाली कांग्रेस, एमालेलगायत दलहरूले चित खाए । दाहालले चुनावी कमाण्ड सम्हालेको चुनावमा माओवादीले अप्रत्याशितरूपमा जनमत पाउँदै प्रत्यक्षतर्फ २४० मध्ये १२१ सिट जितेर संविधानसभामा बहुमत प्राप्त गऱ्यो । समानुपातिकमा पनि १०० सिट माओवादीले पायो । कूल मत ३१ लाख ४५ हजार ५२९ मत पाएको थियो ।

करिब डेढ दशकपछि आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावको कमाण्ड पनि उनैले सम्हालेका छन् । उनले बिहीबार गोरखामा पुगेर भने, 'यस पटक हामी दोस्रो ठूलो दल हुन्छौं ।'

दाबी गरेअनुसार माओवादी दोस्रो ठूलो दल हुनेमा शंका व्यक्त हुँदै आएको छ । शंका हुनु स्वाभाविक पनि हो । किनभने, प्रत्यक्षतर्फ २०६४ को संविधानसभा चुनावमा पहिलो भएको माओवादी दाहालकै कमाण्डमा चुनावमा जाँदा २०७० को दोस्रो संविधानसभा र २०७४ को प्रतिनिधिसभामा तेस्रोमै खुम्चियो । प्रत्यक्षतर्फ २६ र समानुपातिकतर्फ ५४ गरेर दोस्रो संविधानसभामा माओवादी ७० सिट र २०७४ को प्रतिनिधिसभा चुनावमा प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ सिट जितेर ५३ सिटमा सीमित भयो ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा दाहालकै नेतृत्वमा गएको माओवादी केही सुदृढ अवस्थामा देखिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा चुनावमाचाहिँ के हुन्छ भन्ने ठोकुवा गर्न सकिने अवस्था छैन । किनभने, विगतमा उनको चुनावी कमाण्ड पनि त्यति सम्झनालायक देखिएको छैन । तर, उनी भन्छन्, 'कांग्रेस पहिलो हुन्छ, माओवादी दोस्रो ।'

दाहालले जस्तै एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि शुक्रबार सुनसरी पुगेर एमालेलाई जनताले विजयी गराउने बताए । विजय गराएपछि एमालेको सरकार बन्ने भन्न भ्याए । 'समानुपातिकमा पहिले ४१ सिट ल्याएका थियौं । यसपाली ५० सिट पुऱ्याउनुपर्छ । प्रत्यक्षमा पनि उछिन्छौं,' ओलीको भनाइ थियो ।

ओलीको दाबीअनुसार उनको कमाण्डमा चुनावमा होमिएको एमाले पहिलो हुन्छ । तर, विश्वसनीय आधार छैन । फेरि, उनको नेतृत्वमा ३० वैशाखमा चुनावमा गएको एमाले पहिलोबाट धेरै अन्तरले दोस्रोमा खुम्चियो । जबकि, २०७४ सालको स्थानीय चुनावमा ओलीले नै कमाण्ड सम्हाल्दा एमालेले २९४ स्थानीय तह जितेको थियो । यस पटक ८८ वटा गुमाउँदै २०६ वटामा चित्त बुझाउनुपरेको छ । उसो त यस पटक सत्ता गठबन्धन दलहरू तालमेल गरेर चुनाव लडेका थिए ।

यद्यपि, ओली भने एकलै एमालेले चुनाव जित्ने बताउँथे । उनले भनेजस्तो भएन । आगामी प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा पनि एमालेको जित हुने बताउँदै आएका छन् । माओवादीसँग मिलेर वाम गठबन्धन बनाउँदै प्रतिनिधिसभा चुनाव २०७४ मा जाँदा एमाले प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ गरी १२१ सिटसहित पहिलो बनेको थियो ।

ओलीले सार्वजनिक मञ्चहरूमा खुलासा नगरे पनि यस पटक एमालेले प्रत्यक्षतर्फ ४० देखि ४५ सिट जित्नसक्ने सुरक्षा निकायहरूको प्रारम्भिक प्रतिवेदनमा प्रक्षेपण गरिएको छ । उक्त दलकै एक नेता गोकुल बाँस्कोटाले पनि प्रत्यक्षतर्फ ५० सिट एमालेले जित्ने बताउँदै आएका छन् । यस आधारमा यसअघि ओलीले (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'परदेशको सीप र पैसाको सही सदुपयोग गरौं'

■ **प्रभाव संवाददाता**

**गण्डकी-** मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने परदेशीको कमाइ र सीपको सदुपयोग हुन नसकेकोप्रति सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । नेपालीले परदेशमा पसिना बगाएर कमाएको पैसा र सिकेको सीपको सही सदुपयोग हुनुपर्नेमा उनीहरुले जोड दिए ।

किताब पब्लिसर्सद्वारा पोखरामा आयोजित परदेशको पसिना : कसरी लिने प्रतिफल ? शीर्षकमा गरिएको 'वैदेशिक रोजगारी, श्रम आप्रवासन र अवसरका ढोका' विषयक अन्तर्क्रियामा बोल्ने वक्ताहरुले परदेशमा बगाएको पसिनाको कदर हुनुपर्नेमा जोड दिएका हुन् । नेपालीले परदेशमा गएर दुःख गरी कमाएको पैसाले यहाँको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुगे पनि उक्त योगदानको कदर हुन नसकेको उल्लेख गर्दै उनीहरुलका लागि दीर्घकालीनरुपमा यहीँ नै रोजगारीको सिर्जना गर्नुपर्ने वातारण आवश्यक रहेको बताए ।

नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा. रघुराज काफ्लेले लाखौं नेपालीले विदेशमा गएर कमाएको पैसाले मुलुकलाई जीवन दिएको उल्लेख गर्दै उनीहरूको योगदानको कदर हुन नसकेको बताए । श्रम प्रशासनमा सुधार हुनुपर्नेमा जोड दिँदै उनले स्थानीयरुपमा नै रोजगारीको सिर्जनासँगै रोजगारीमा जानेका लागि क्षमता अभिवृद्धि, भाषा, सीप तालिम आदिमा जोड दिनुपर्ने आवश्यकता औंल्याए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यही नै रोजगारीको सिर्जना गर्नु पहिलो आवश्यकता भएको बताउँदै विदेश गएर प्राप्त गरेको धनसँगै, ज्ञान, सीप र क्षमतालाई यही नै उपयोग गर्ने वातावरण तयार गर्नुपर्ने बताए । कतिपयले विदेशबाट फर्केर यही नै उद्यम गर्न लागेको बताउँदै उनले महानगरपालिकाले रोजगारीको अवस्था सम्बन्धमा तथ्यांक संकलन सुरु गरेको जानकारी दिए । आप्रवासनविद् एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. गणेश गुरुङले वैदेशिक रोजगारीमा गई आधारभूत आवश्यकता पूरा गरेकामध्ये कतिपयले यही नै उद्यम थालेको उल्लेख गर्दै उनीहरूका ज्ञान, सीप र क्षमता स्वदेशमा उपयोग गर्ने वातावरण तयार गर्नुपर्ने बताए ।

> वैदेशिक रोजगारीमा गई आर्जन गरेका ज्ञान, सीप र क्षमता स्वदेशमा उपयोग गर्ने वातावरण तयार गर्नुपर्छ ।
>
> ■ **डा. गणेश गुरुङ**
> **आप्रवासनविद्**

आप्रवासी महिला अधिकारकर्मी मञ्जु गुरुङले आर्थिक अवस्था, घरेलु हिंसालगायतका विभिन्न परिस्थितिका कारण कतिपय महिला वैदेशिक रोजगारीमा जान बाध्य बनेको बताए । कतिपय महिलालाई कामबाट फर्केपछि पनि यौनिकतालगायतका विषयसँग जोड्ने प्रवृत्ति पनि समस्याका रुपमा देखापरेको उनको भनाइ छ ।

पूर्वश्रमिक भीम श्रेष्ठले स्वदेशमा अवसर नपाएपछि युवा विदेशिने गरेको जनाउँदै उनीहरूलाई त्यहाँबाट फर्केपछि स्वदेशमा नै केही गर्ने वातावरण तयार हुनु जरुरी रहेको बताए ।

## नेपाललाई साफ च्याम्पियनसिपको उपाधि



■ **प्रभाव संवाददाता**


**काठमाडौं-** नेपाल यू-१५ महिला साफ च्याम्पियनसिप फुटबलको च्याम्पियन बनेको छ । बंगलादेशमा आयोजना भएको उक्त प्रतियोगिताको फाइनलमा बंगलादेशसँग बराबरी खेल्दै नेपालले उपाधि जितेको हो । बंगलादेशको ढाकामा शुक्रबार भएको डबल राउण्ड रोबिन लिगको अन्तिम खेलमा नेपालले बंगलादेशसँग १-१ गोलको बराबरी खेलेको थियो ।

खेलमा सुरुआती अग्रता नेपालले बनाएको थियो । खेलको १४औं मिनेटमा सुशिला केसीले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । तर, खेलको ५४औं मिनेटमा बंगलादेशकी खेलाडी रुमाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याइन् । त्यसपछि खेलको ८९औं मिनेटमा बंगलादेशले पेनाल्टी प्राप्त गरेको थियो । तर, बंगलादेशकी बिबी रीताको पेनाल्टी प्रहार नेपालकी गोलकिपर सुजाता तामाङले उत्कृष्ट बचाऊ गरिन् ।

त्यसपछि थप गोल भएन र खेल बराबरीमा सकिँदा नेपाल च्याम्पियन बनेको हो । नेपाल शीर्षस्थानमा रहँदै उपाधि उचाल्न सफल भयो । बंगलादेशसँगको बराबरीसँगै नेपालले चार खेलमा अपराजित रहँदै १० अंक जोड्यो । समान चार खेल खेलेको बंगलादेशले सात अंक जोडेर उपविजेता बन्यो । भुटान अंकविहीन रहँदै घर फर्कियो । प्रतियोगितामा नेपाल, भुटान र बंगलादेशको सहभागिता रहेको थियो ।




## तथ्यांकमा निर्वाचन




इन्फोग्राफिक्स: निर्वाचन आयोग

# मतदाता शिक्षा दिन घरदैलोमा पुग्दै स्वयंसेविका

■ प्रभाव संवाददाता

**भक्तपुर-** आगामी पाँच वर्षका लागि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य चुन्ने दिन मंसिर ४ गते नजिक आइरहेको छ । गत वैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा एक मतपत्र लिएर मतदाताले आफूले रोजेको उम्मेदवारलाई मतदान गरे पनि आसन्न निर्वाचनमा चारवटा मतपत्रमा मतदान गर्नुपर्नेबारे कतिलाई जानकारी नहुन वा अन्योल हुनसक्छ ।

नयाँ मतदाता झन् अन्योलमा पर्न सक्छन् । त्यस्ता अन्योल हटाउँदै मत बदर नहुने गरी कसरी मतदान गर्ने भनेर सिकाउन के तपाईंको घरदैलोमा निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालयमार्फत खटाएका स्वयंसेविका आइपुगे त ? तपाईंलाई अन्योल छ र तपाईंको घरदैलोमा मतदाता शिक्षा दिन स्वंयसेविका आइपुगेका छैनन् भने बुझ्नुस्, र बोलाउनुस्, आइपुगेका छन् भने नबुझेका कुरा सोध्नुस् । मत बदर नहुनेगरी मतदान गर्न सिक्नुस् ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरले मतदाता शिक्षा सञ्चालन समितिमार्फत टोलटोलमा पुगेर मतदाता शिक्षा सञ्चालन गरिरहेको छ । स्वयंसेविकाहरू निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता शिक्षाका सामग्री पर्चा, पम्प्लेट र नमूना मतपत्र लिएर टोल र घर-घरमा पुग्न थालेका छन् । कार्यालयले यही कात्तिक १७ गतेदेखि नै भक्तपुरमा मतदाता शिक्षा सञ्चालन गरेको र अहिले मतदाताले उत्साहका साथ मतदाता शिक्षा लिइरहेको जिल्ला निर्वाचन कार्यालय भक्तपुरका प्रमुख नरेन्द्रप्रसाद न्यौपानेले बताए ।

कार्यालयमा प्रत्येक पालिकाको वडा तहमा वडासचिव संयोजक रहेको मतदाता शिक्षा सञ्चालक समिति गठन गरी मतदाता शिक्षा समन्वय समितिले तोकिएको महिला स्वास्थ्य स्वयंसेविका र वडासचिवले तोकिएको सहायकस्तरका कर्मचारीलाई मतदाता शिक्षाका लागि परिचालन गरेको उनले बताए । उनका अनुसार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संयोजक, स्थानीय तहको सामाजिक विकास अधिकृत सदस्य, स्वास्थ्य शाखा प्रमुख र सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पर्क व्यक्ति सदस्यसचिव रहनेगरी गठन गरेको समितिले प्रत्येक वडाका घरघरमा गएर मतदाता शिक्षा प्रदान गरिरहेका छन् । प्रत्येक वडामा दुई जनाका दरले जिल्लाका ४८ वटा वडामा ९६ जना स्वयंसेविकाले मतदाता शिक्षा दिइरहेको उनले जानकारी दिए ।

त्यसैगरी कार्यालयले चारवटै पालिकामा नमूना मतदान कार्यक्रम सम्पन्न गरिसकेको जिल्ला निर्वाचन कार्यालय भक्तपुरका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिए । उनले आज बिहीबारसम्म सहायक मतदान अधिकृत र मतदान अधिकृतलाई तालिम प्रदान गरिसकिएको र शुक्रबार सहायक निर्वाचन अधिकृतलाई मतदान सामग्री प्रदान गरिएको बताए ।

दुईवटा निर्वाचन क्षेत्र रहेको भक्तपुरमा निर्वाचन क्षेत्र नं १ मा एक लाख दुई हजार ५२८ जना मतदाता छन् । सो क्षेत्रमा ११५ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । निर्वाचन क्षेत्र नं २ मा ९१ हजार ९११ मतदाता रहेको र १०७ वटा मतदान केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए ।

## राष्ट्रपति भण्डारी आज स्वदेश फर्कंदै

**काठमाडौं (प्रस)-** राष्ट्रपति विद्यादेवी भण्डारी जनगणतन्त्र आइसल्याण्डको औपचारिक भ्रमण पूरा गरी आज शनिबार स्वदेश फर्कंदै छिन् । महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल 'वुमन पोलिटिकल लिडर्स' (डब्ल्युपिएल) कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी यही कात्तिक २१ गते आइसल्याण्ड गएकी थिइन् ।

गणतन्त्र आइसल्याण्डको राजधानी रेक्याभिकमा आयोजना भएको 'रेक्याभिक ग्लोबल फोरम' (वुमन लिडर्स) मा उनले विशेष सम्बोधनसमेत गरेकी थिइन् । साथै, उनले 'वुमन पोलिटिकल ट्रेलब्लेजर अवार्ड' समेत ग्रहण गरेकी थिइन् ।

आइसल्याण्डबाट शुक्रबार प्रस्थान गरेकी राष्ट्रपति भण्डारी नर्वेको राजधानी ओस्लो र कतारको राजधानी दोहा हुँदै आज काठमाडौं आइपुग्नुहुने कार्यक्रम छ ।

# 'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउँछौं'

■ प्रभाव संवाददाता

**काठमाडौं-** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहले बालबालिकाको चौतर्फी एवं सर्वांगीण विकासबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने बताएका छन् ।

शुक्रबार वडा नं. १२ ओन्देमा रहेको सरस्वती निकेतन माध्यमिक विद्यालयको अवलोकन निरीक्षणका क्रममा भौतिक, प्रशासनिक अवस्था, शैक्षिक तथा अतिरिक्त क्रियाकलापका विषयमा जानकारी लिँदै उनले यस्तो बताएका हुन् । नमूना विद्यालयहरूले आफ्ना शैक्षिक, प्रशासनिक र अतिरिक्त क्रियाकलाप तथा बाल विकासका लागि सञ्चालन गरेका कार्यक्रमको नतिजा जानकारी लिन उनले विद्यालयको अवलोकन गरेका थिए ।

'पाठ्यक्रम र पाठ्यपुस्तकसँगै अतिरिक्त क्रियाकलापहरूमा खेलकुद, गायन, संगीत, चित्रकला, प्राविधिक क्षेत्रका इञ्जिनियरिङ, कम्प्युटरलगायत विषयमा ज्ञान र सीप हासिल गर्नुपर्छ । यसमा विद्यालयको अवस्था र अभ्यास हेरेर आवश्यकताका आधारमा महानगरले सहयोग उपलब्ध गराउनेछ,' प्रमुख शाहले भने, 'अहिले हामी खेलकुदका लागि स्थान नभएका विद्यालय नजिक रहेका सार्वजनिक स्थलहरूलाई उपयोग गर्ने वा नजिकका विद्यालयलाई संयुक्त बनाउने विषयमा नक्सांकन गरिरहेका छौं । यसबाट नीति र स्रोत परिचालन कसरी गर्ने भन्ने तथ्य पत्ता लाग्नेछ । यस्तै शैक्षिक सुधारका आगामी कार्यक्रम निर्धारण गर्न आधार तयार हुनेछ ।'

अवलोकनका क्रममा उनले, विज्ञान, प्रविधि, इञ्जिनियरिङ, मानविकी र गणित शिक्षाको प्रवर्द्धनका लागि आविष्कार क्लब (स्टिम क्लब)का विद्यार्थीहरूले तयार पारेका आविष्कार, कक्षा कोठा, पुस्तकालय तथा प्रयोगशालाको अवलोकन गरेका थिए । अवलोकनका क्रममा विद्यालयको समग्र स्थितिका विषयमा प्रधानाध्यापक रविना महर्जनले जानकारी गराएकी थिइन् ।



त्यस्तै विद्यार्थीहरूले आविष्कारका विषयमा जानकारी गराएका थिए । भूकम्प अलार्म, पानी संरक्षण, घरायसी सुरक्षा प्रणाली, ऊर्जाको उत्पादन प्रयोग र प्रविधि प्रयोगमा रूपान्तरण, केवल कारलगायत प्रविधि, पिन बललगायतका खेल प्रविधि प्रदर्शन गरेका थिए । महानगर प्रमुख शाह आएर आफूहरूलाई हौसला दिएको विद्यार्थीहरूले बताए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIN YOUSEF TRADING & CONTRACTING GROUP COMPANY WLL

पुर्व स्वीकृति मिति २०७९/०७/२५ LT No :275528 चलानी नं.६०१९१०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ३ गते (19th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762

Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com

Contact: 9851112074,9841935884,9841541592, 9808658844



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFA INTERNATIONAL CO. (W.L.L.)

पूर्व स्वीकृति मिति २०७९/०३/१५ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०७/२५ LT. No. : 266174 चलानी नं. ६०१८२११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ५९,७३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 4 | 0 | 1000 | ३५,१४० | | | | | | | |
| 3 | Salesman | 2 | 0 | 1300 | ४५,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ३ गते (19th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


The Center Overseas Concern Pvt.Ltd

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **MA W Engineering Pvt Ltd** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा विक्रि मूल्य (**MRP**) निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई मुल्य | प्रति एकाई अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | N/A | TRANE | MAD36AMMNNB | 1.02 T | CHINA | PCS | 158,000.00 | 158000 | |
| 2 | AIR CONDITIONER | N/A | TRANE | MAB036AMNNA | 1.02 T | CHINA | PCS | 591,000.00 | 591000 | |
| 3 | AIR CONDITIONER | N/A | TRANE | MAA022AMNNNA | 0.62 T | CHINA | PCS | 184,000.00 | 184000 | |

बिक्रेता फर्मको नाम : **MA W Engineering Pvt. Ltd.** स्थायी लेखा नं. : **600804406**

ठेगाना : **Kathmandu, Nepal** फोन नं: **9801236002**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.co m

कात्तिक २६ गते, शनिबार

| | |
|---|---|
| **मेष** | जिद्दीले गर्दा काम खराब हुनेछ । |
| **वृष** | अनावश्यक खर्च हुनेछ । |
| **मिथुन** | यात्रा सफल हुनेछ । |
| **कर्कट** | राजनीतिक सहयोग प्राप्त हुनेछ । |
| **सिंह** | प्रभावमा वृद्धि हुनेछ । |
| **कन्या** | बसाइँसराइको योग छ । |
| **तुला** | रिस र तनावले सताउने योग छ । |
| **वृश्चिक** | साथीसँग विवादको योग छ । |
| **धनु** | बाधाका बीच सफलता मिल्नेछ । |
| **मकर** | अनावश्यक खर्चको योग छ । |
| **कुम्भ** | यात्रा सफल हुनेछ । |
| **मीन** | काममा हतार नगर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

## नेपाल राष्ट्र बैंक

कात्तिक २६ गते, २०७९, १२ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**फाल्गुनन्द दिवस** | फाल्गुनन्द दिवस मनाउन शुक्रबार दमकको फाल्गुनन्द चोकमा सहभागी किराँत धर्मावलम्बीहरू । *तस्बिरः यज्ञराज आङदेम्बे/रासस*

# निर्वाचन सामग्रीको तयारी अन्तिम चरणमा

■ विनोदसिंह विष्ट

**बैतडी-** आगामी मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीमा तयारी तीव्र पारिएको छ । निर्वाचनको मिति नजिकिएसँगै तयारी पनि तीव्र पारिएको जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद फुयाँलले जानकारी दिए ।

जिल्लाका १० वटै स्थानीय तहका मतदान केन्द्रमा चाहिने मतपत्र र निर्वाचन सामग्री यसअघि नै जिल्ला पुगिसकेका छन् । प्रत्येक मतदान केन्द्रमा पठाउने मतपत्र र निर्वाचन सामग्री तयार पार्ने र सिल गर्नेलगायत कार्य अन्तिम चरणमा पुगेको छ ।

मंसिर २६ गतेदेखि मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिएर मतदान केन्द्रमा खटाइने भएको छ । प्रत्यक्ष र समानुपातिकको मतपत्र आइपुगेको र मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई तालिम दिएसँगै उनीहरूलाई मतपत्र र निर्वाचन सामग्री पनि दिइने उनले बताए । निर्वाचन अधिकारी फुयाँलले भने, 'निर्वाचनका लागि प्रत्येक मतदान केन्द्रमा पठाइने मतपत्र र निर्वाचनका लागि आवश्यक सामग्री कर्मचारीलाई तालिमपछि हस्तान्तरण गर्ने तयारीमा छौं ।'

निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्वक सम्पन्न गर्न आचारसंहिता पालना गर्न आग्रह गरिएको छ । यसका साथै जिल्ला सुरक्षा समितिले मतदानस्थल र मतदान केन्द्र अनुगमनसमेत गरिसकेको छ ।

मतदान केन्द्रको अवस्था, बाटोघाटोको अवस्था र सुरक्षा स्थितिलाई ध्यान दिइएर मतदानस्थलमा अनुगमन गरिएको पमुख जिल्ला अधिकारी सुरेश पन्थीले जानकारी दिए । निर्वाचनलाई भयरहित र निष्पक्षरूपमा सम्पन्न गर्न सुरक्षा योजना तयार गरिएकाले ढुक्क भएर निर्वाचन गर्न उनले सबैलाई आग्रह गरे । सबै स्थानीय तहमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको टोली पुगिसकेको जनाइएको छ ।

जिल्लामा १२९ मतदानस्थल, २१० मतदान केन्द्र र एउटा अस्थायी मतदान केन्द्र तोकिएको छ । निर्वाचनमा एक हजार ६८४ कर्मचारी परिचालन गरिने भएका छन् । मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, स्वयंसेवक र कार्यालय सहयोगी गरी एक हजार ६८४ जनशक्ति परिचालन गरिने भएको हो । पाँच सयसम्म मतदाता भएको केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, चार सहायक कर्मचारी, तीन स्वयंसेवक र एक कार्यालय सहयोगी खटिने छन् ।

एक हजारसम्म मतदाता भएको केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, पाँच सहायक कर्मचारी, चार स्वयंसेवक र एक कार्यालय सहयोगी खटिने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मतपत्र बदर हुन नदिन स्थानीय पालिकामा नमूना मतदान कार्य र समुदायरस्तरमै मतदाता शिक्षा कार्यक्रम पनि सञ्चालन गरिएको छ । आसन्न निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरेर एक मतदाताले चार मतपत्रमा मतदान गर्नुपर्नेछ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न एवं आचारसंहितालाई कडाइका साथ पालना गराउन यहाँ निर्वाचनको अन्तिम मतपरिणाम नआउँदासम्म मदिराको कारोबार, ओसारपसार र सेवन पूर्णरूपमा निषेध गरिएको छ । मदिराका कारण निर्वाचनका समयमा शान्तिसुरक्षा खलल पुग्नसक्ने भएकाले जिल्ला सुरक्षा समितिको बैठकको निर्णयअनुसार अन्तिम मतपरिणाम नआउँदासम्म मदिराको बिक्रीवितरण र सेवनमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

कसैले सूचनाको अवज्ञा गरेर मदिराको कारोबार र सेवन गरेको पाइएमा कानुनअनुसार कारबाही हुने प्रशासनले जनाएको छ । प्रतिनिधिसभाका लागि एकमात्र निर्वाचन क्षेत्र र प्रदेशसभाका दुई निर्वाचन क्षेत्र तोकिएको बैतडीमा एक लाख ५० हजार १५६ मतदाता छन् ।

### एक सिटका लागि ११ जना प्रतिस्पर्धामा

प्रतिनिधिसभाका लागि एकमात्रै निर्वाचन क्षेत्र रहेको जिल्लामा ११ जना चुनावी प्रतिस्पर्धामा छन् । तीमध्ये लोकतान्त्रिक-वाम गठबन्धन र एमालेका उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ । अन्य राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले पनि चुनाव जित्ने जिकिर गरिरहेका छन् ।

जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि लोकतान्त्रिक वाम गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य नरेन्द्रबहादुर कुँवर (विजयसुन्दर) चुनावी मैदानमा छन् भने यस्तै नेकपा एमालेका तर्फबाट प्रदेश कमिटी अध्यक्ष दामोदर भण्डारी र स्वतन्त्रबाट नेपाली कांग्रेसका नेता केशवबहादुर चन्द पनि प्रतिस्पर्धी बनेका छन् ।

राप्रपाबाट देवबहादुर चन्द, स्वतन्त्रबाट त्रिलोकबहादुर चन्द, नेस्नलिस्ट पिपल्स पार्टीबाट कृष्णबहादुर चन्द, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाशचन्द्र भट्ट, नेपाल मजदुर किसान पार्टीबाट कृष्णप्रसाद गोसाइँ, जनता समाजवादी पार्टीबाट आनसिंह भण्डारी र स्वतन्त्रबाट मानसिंह विष्ट चुनावी मैदानमा छन् ।

यसैबीच, प्रदेशसभा क्षेत्र नं १ का लागि गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका वीरबहादुर विष्ट, नेकपा एमालेका सुरेन्द्र पाल, राप्रपा नेपालका कृष्णा पन्त, नेकपा एकीकृत समाजवादीका नरेन्द्र विष्ट, राप्रपाका रणबहादुर विष्ट र स्वतन्त्रबाट नेपाली कांग्रेसका हरिमोहन भण्डारी चुनावी मैदानमा छन् । प्रदेशसभा क्षेत्र नं २ मा गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका शिवराज भट्ट, नेकपा एमालेका लीलाधर भट्ट, राप्रपा नेपालका प्रेमबहादुर चन्द, नागरिक उन्मुक्ति पार्टीकी रेवती बोहरा र राप्रपाका नारायणदत्त जोशी प्रतिस्पर्धामा छन् । *रासस*

# सुदूरपश्चिममा १८ हजार सुरक्षाकर्मी परिचालन

**गोदावरी-** आसन्न मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिममा १७ हजार ८५९ सुरक्षाकर्मी परिचालन भएका छन् । निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न ११ हजार ५५९ म्यादी प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी गरेर छ हजार ३०० सुरक्षाकर्मी परिचालित भएका हुन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी वरिष्ठ प्रहरी उपरीक्षक भोलाबहादुर रावलका अनुसार निर्वाचनलाई लक्षित गरेर सबै निकायका सुरक्षाकर्मी परिचालन भइसकेका छन् । निर्वाचनका बेला १७७ वटा मोबाइल टोली परिचालित हुने प्रदेश प्रहरी कार्यालयले जनाएको छ । २० वटा रिजर्भ टिम तयार पारी सो टिमलाई आवश्यकतानुसार मात्रै परिचालन हुने जनाइएको छ । मतदानस्थलमा भने निर्वाचनको दुई-तीन दिन अगाडिमात्रै सुरक्षाकर्मी खट्ने छन् । रावलका अनुसार निर्वाचनको दिन नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित म्यादी प्रहरी फरक-फरक ठाउँमा तैनाथ हुने छन् ।

प्रदेश प्रहरी कार्यालयले दिएको जानकारीअनुसार कैलालीमा दुई हजार ८१२, कञ्चनपुरमा एक हजार ६३२, बाजुरामा ७४९, डोटीमा ९५३, डडेलधुरामा ९३७, अछाममा एक हजार २६८ म्यादी प्रहरी परिचालन गरिएको छ । त्यसैगरी बझाङमा एक हजार १८८, दार्चुलामा ८२९ र बैतडीमा एक हजार १९१ म्यादी प्रहरी परिचालन गरिएको जनाइएको छ ।

प्रतिनिधिसभा १६ र प्रदेशसभा ३२ वटा निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा दुई हजार १४६ मतदान केन्द्र निर्धारण गरिएको छ । जसमध्ये ७१० अतिसंवेदनशील, ७७८ संवेदनशील र ६५८ मतदान केन्द्र सामान्य रहेका प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

एक हजार १६१ मतदानस्थल रहेको यो प्रदेशमा सामान्यभन्दा संवेदनशील मतदानस्थलको संख्या बढी छ । अतिसंवेदनशील ३५२ र संवेदनशील ४०४ गरी प्रदेशभरि ७५६ मतदानस्थल संवेदनशील रहेका हुन् । ४०५ मतदानस्थल भने सामान्य सूचीमा रहेको सुरक्षा निकायले जनाएको छ । *रासस*


## श्री चन्डेश्वरी माध्यामिक विधालय
विदुर-७, तुप्चे, नुवाकोट, नेपाल ।

**वोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धि सूचना ।**

प्रकाशित मिति : २०७९।०७।२६

उपरोक्त सम्वन्धमा नुवाकोट जिल्ला, श्री चन्डेश्वरी मा.वि., तुप्चेले विज्ञान प्रयोगशालाको सामान, ICT LAB र फर्निचर खरीद एवं जडानको लागी मिति २०७९ असोज ०४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र (२०७९ कार्तिक ०४ सम्म) रितपूर्वक पर्न आएका वोलपत्ररु मध्ये तपशिलमा उल्लेखित वोलपत्रदाताको कवोल अंक सबैभन्दा घटि भएको र उक्त वोलपत्र सारभूत रुपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) र २७ (२) प्रयोजनार्थ सम्वन्धित वोलपत्रदाता एवं सवै सरोकारवालाहरुको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि. नं. | ठेक्का नं. | वोलपत्र स्वीकृत हुने फर्मको नाम | ठेक्का अंक - (मु. अ. क बाहेक) |
|---|---|---|---|
| 1 | 01/CHSHSS/ Supply/079-080 | International Science House, Balaju-16,kathmandu | 6,672,445.00 |

प्रधानाध्यापक



## रोजगारको अवसर — SAUDI ICON COMPANY, RIYADH पुन:विज्ञापन
पूर्व स्विकृति मितिः २०७८।८।१६ चलानी नं. ६०१६९३९७ LT No. 252272

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | काममा दक्ष | 1000 | 34375 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ मंसिर ३ गते (19 November 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : PARK CITY SERVICES.
पूर्व स्वीकृति मिति : २०७९/०७/२४ LT. No. 275466 चलानी नं.६०१९०९८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ३ गते (19th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Fishtail Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १२८६/०७४/०७५
Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email:fishtailoverseas508@gmail.com, Web: www.fishtailjobs.com



## कतारमा रोजगारको अवसर
**Mannai Trading Co. WLL** Qatar, Doha
पुर्व स्वीकृति मिति:२०२१/११/१७/पुन: विज्ञापन स्वीकृति मिति: २०२२/११/११ पत्र संख्या: ०७९/८० चलानी नं.: ६०१६७८३१ LT No. 250916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 06 | सम्बन्धित काममा दक्ष | 2200 | ७५७२४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Electric. Tech. | 03 | | 1400 | ४८१८८ | | | | | | | | |
| ३. | Machine Operator | 08 | | 2200 | ७५७२४ | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 01 | | 2200 | ७५७२४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता २०७९ मसिंर ०३ गते (Nov 19, 2022) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : CAFE RIYADH AHMED M. MUHARRAQ FOR DRINK SERVICE
पूर्व स्वीकृति मिति: २०७९/०७/२३ LT. No.275177 चलानी नं. ६०१९१०६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 0 | 1400 | ४७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (21st Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : THINWARE PRODUCS INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०७/२५ LT. No. 275322 चलानी नं. ६०१९१००९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PERAK DUCK FOOD INDUSTRIES SB
पूर्व स्वीकृति मिति २०७९/०७/२५ LT. No. 275320 चलानी नं. ६०१९१००७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MOBILE MAIDS MANAGEMENT SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०७/२५ LT. No. 275321 चलानी नं. ६०१९१००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 53 | 0 | 1500 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ३ गते (19th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : SHINE KLEEN SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२५ LT. No. 270988 चलानी नं. ६०१८६९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1500 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ३ गते (19th Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बैंक–व्यवसायी द्वन्द्वको निकास खोज

पछिल्लो समय बैंक तथा वित्तीय संस्था र उद्योगी व्यवसायीबीचको सम्बन्धमा तीक्तता बढ्दै गएको छ । उद्योगी व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाका विरुद्धमा आन्दोलित भएका छन् । उनीहरू सडक संघर्षमै उत्रिएर विरोध जनाइरहेका छन् । यसरी आन्दोलित हुनुको मूल कारण हो, बैंक तथा वित्तीय संस्थाले कर्जाको ब्याजदरमा गरेको वृद्धि । बैंकहरूले आफूखुसी ब्याजदर बढाएकोप्रति उद्योगी–व्यवसायी रुष्ट बनेका छन् । उद्योग व्यवसाय नै धरासायी हुनेगरी ब्याजदर बढाइएको भन्दै उनीहरू आन्दोलित भएका हुन् । यद्यपि, आसन्न निर्वाचनसम्मका लागि आन्दोलन स्थगित गरिएको छ ।

अर्कोतर्फ उद्योगी व्यवसायीले कर्जाको ब्याज नबुझाउँदा बैंकहरू समस्यामा परेको बैंकरहरूको भनाइ छ । आर्थिक मन्दी र महँगीको कारण देखाउँदै व्यवसायीहरूले ब्याज बुझाएका छैनन् । नियमित ब्याज नबुझाएका कारण बैंक तथा वित्तीय संस्थाले धमाधम विज्ञापन निकालेर धितो लिलामी गर्न थालेका छन् । धितो लिलामीको क्रम बढ्दै गएपछि उद्योगी व्यवसायी आन्दोलनमा उत्रिएका हुन् ।

